७६ औ बैठक

मिति २०७७ साल भाद्र १७ गते बुधबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

**अन्य उपस्थिती :**

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री अजय श्रीवास्तव, स्वास्थ्य शाखा प्रमुख

श्री नवराज गौतम, ई.अ.

Scanned with CamScanner

**निर्णय नं. १ :**

कोरोना भाईरसको उच्च जोखीम रहेको हुदा तत्कालका लागि सातौं नगरसभाबाट स्विकृत चालु आ.ब. २०७७/७८ का योजनाको सन्दर्भमा नगर तथा वडास्तरीय पूर्वाधार विकास,खानेपानी तथा नगरस्तरीय कृषि तथा पशुतर्फका कार्यक्रम मात्र संभौता गरी कार्यान्वयनमा ल्याउने ।

**निर्णय नं. २ :**

चालु आ.ब. ०७७/७८ का लागि सिचाई शिर्षकअर्न्तगत विनियोजन गरिएको रु २४ लाख रकमबाट पहिरोको उच्च जोखीममा रहेका आवास तथा सडक संरक्षणका लागि आवश्यक पर्ने ग्यावीन जाली, तथा सिचाईको निम्ति पाईप खरिद गरी मागको उपयुक्तता हेरी वितरण गर्ने ।

**निर्णय नं. ३ :**

कोरोना संक्रमण नियन्त्रणका लागि वडा नं. ५ भरौटास्थित शिवपञ्चायन मन्दिर परिसरमा रहेको ठाडेखोला खानेपानी संस्थाको भवनमा निर्माण गरिएको क्वारेन्टिनका लागि प्राविधिक लगत ईष्टमेटबमोजिमको रु १६,५४,६६०।– प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रकम विनियोजन गर्ने ।

**निर्णय नं. ४ :**

कोरोना संक्रमीतहरुका लागि तनहु जिल्लाका सबै स्थानीय तहको संयुक्त लगानीमा श्री जि.पी कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र बेलचौताराको पसिसरमा निर्माण हुने आइसोलेसन वार्डका लागि यस नगरपालिकाको हुन आउने रु १०,०४,७१२।२४।– प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रकम विनियोजन गर्ने ।

**निर्णय नं. ५ :**

भौतिक पूर्वाधार विकास मन्त्रालय,गण्डकी प्रदेश सरकारबाट अत्यावश्यक स्थानमा भोलुंगे पुलको लागि माग भै आएकोले देहायका स्थानमा प्राथमिकता तोकी भोलुंगे पुलको माग गरी सम्बन्धित निकायमा लेखी पठाउने :

| क्र.स. | माग भएको स्थान |
|---|---|
| १ | जरेवजार मभ्फुवा भोलुङ्गे पुल,वडा नं. ११ |
| २ | बुम्चास अरौदी भोलुङ्गे पुल,वडा नं. १० र भिमाद न.पा.वडा नं. ८ |
| ३ | क्यांदीखोला सेप्लाङ भोलुङ्गे पुल,वडा नं. १० र ११ |
| ४ | उदेनढुंगा कालीमर्याङ भोलुङ्गे पुल,वडा नं. ३ |

किशान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नगर कार्यपालिकाको कार्यालय
शुक्लागण्डकी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| ५ | जाम्दी एक्लेखेत झोलुङ्गेपुल,वडा नं. ६ र ३ |
| ६ | ज्याङ्लादी झोलुङ्गे पुल(देवलडाडा जिव्रे) वडा नं. ११ |
| ७ | साखर देखि वडागाउ जोड्ने झोलुङ्गे पुल,वडा नं. ९ |

**निर्णय नं. ६ :**

अविरल वर्षातको कारण वडा कार्यालयसम्म जाने तथा अन्य मुख्य सडकमार्ग मर्मतसंभार गर्दा लागेको खर्च प्राविधिक ईस्टीमेटबमोजिम प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रकम भुक्तानी गर्ने ।

**निर्णय नं. ७ :**

अविरल वर्षातका कारण यस नगरपालिकास्थित देहायका विद्यालय जोखीममा पर्न गएको हुदा विद्यालयको भौतीक पूर्वाधार संरक्षणका लागि आवश्यक प्रबन्ध गरिदीनुहुन सामाजिक विकास मन्त्रालय,गण्डकी मन्त्रालय पोखरामा सिफारिस गरी पठाउने ।

देहाय :

१.श्री शहिदकृष्ण मा.वि.,शु.न.पा वडा नं. ३,

२. श्री आधारभुत मा.वि,शु.न.पा वडा नं. ११,

३. श्री निर्मल प्रा.वि,वडा नं. ३,

४. श्री नारायण प्रा.वि,वडा नं. ११

**निर्णय नं. ८ :**

कोरोना भाईरस(कोभीड –१९) को प्रकोपका कारण सिर्जित विषम परिस्थितिलाई मध्यनजर गर्दै यस नगरपालिकाको स्वामित्वमा रहेका सबै सटरहरुको भाडाको सम्बन्धमा गत आ.ब. ०७६/७७ का लागि नगरपालिकाले निर्धारण गरेको भाडादरलाई कायम गरी चालु आर्थिक वर्ष ०७७/७८ का लागि संझौता गर्ने ।

**निर्णय न. ९ :**

नेपाल सरकार,संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,काठमाण्डौमा यस नगरपालिकासँग साझेदारीमा पर्यटन पूर्वाधार विकासका का लागि देहायका योजनाहरु प्राथमीकरण गरी छनौट गरी पठाउने :

| क्र.स | पूर्वाधारको आयोजनाको नाम | नगरपालिका साझेदारी रकम |
|---|---|---|
| १ | दगाम भुजीकोट पर्यटन प्रबर्द्धन | ४० लाख |
| २ | ढोरदरबार पर्यटन प्रबर्द्धन | १० लाख |

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| ३ | एक्लेपाखा एकीकृत परियोजना | २० लाख |
| ४ | तिनखोलेदेवी एकीकृत विकास परियोजना | ५० लाख |

**निर्णय नं. १० :**

कोरोना भाईरसको संक्रमणका बिच उच्च जोखीममा रही कार्य गर्ने कर्मचारीलाई जोखीम भत्ता उपलब्ध गराउने भनी मिति २०७७ आषाढ २२ गते गरिएको निर्णयमा सवारी चालक अर्जुन परियारको नाम छुट हुन गएकोले निजले खाईपाई आएको तलबस्केलको ५० प्रतिशत र सरसफाईमा कार्यरत २ जना सहयोगीहरु(बेलबहादुर परियार र प्रेमबहादुर नेपाली) लाई निजहरुले खाईपाई आएको तलबको २५ प्रतिशत जोखीमभत्ता अन्यसरहको अवधि मानी अ.ल्या शिर्षकबाट उपलब्ध गराउने ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत